जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

स.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक ५ २०८० साल भदौ ३ गते आइतवार (20 Aug 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** निलम्बित मेयर भिमराज यादव विशेष ... **पृष्ठ ३ मा :** विद्यालय कसले ... **पृष्ठ ४ मा :** जातका आधारमा अन्याय ... **पृष्ठ ५ मा :** भारदह अस्पतालको नयाँ ...

## हुलाकी सडक निर्माणलाई पूर्णता दिन अतिक्रमित संरचना हटाइदै



**राजविराज**/हुलाकी सडक निर्माण कार्यलाई पूर्णता दिन राजविराजस्थित कंचानपुर रोडको दायाँबायाँ बनाइएको भौतिक संरचना शनिबारदेखी डोजर लगाएर भत्काउन सुरु गरेको छ।

दुई साता अघि राजविराज नगरपालिकाको वडा नं. ६ र ७ मा पर्ने सिरहा रोड आसपासका संरचना भत्काएको नगरपालिकाले शनिबारदेखी राजविराज ३ र ८ वडाको बीचमा रहेको कंचनपुर रोड आसपासको संरचना भत्काउन सुरु गरेको हो।

हुलाकी सडक राजविराज बजार क्षेत्र हुँदै निर्माण हुने भएकोले सो कार्य अतिक्रमित संरचनाका कारण रोकिएकाले ७ दिने सूचना मार्फत खाली गर्न आग्रह गरिएको थियो। सो आग्रहलाई पनि वेवास्ता गरिएकाले बाध्य भई डोजर चलाउनु परेको राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परविनले बताईन्।

उनले कंचनपुर रोडमा दायाँबायाँ ७.५/७.५ मिटर क्षेत्रमा अतिक्रमण गरि बनाइएका भौतिक संरचना हटाउन थालिएको जानकारी दिँदै छिटै बजार क्षेत्रमा रोकिएको हुलाकी सडक निर्माण कार्यलाई तिब्रताका साथ पूर्णता प्रदान गरिने बताइन्। तीन वडा डोजरसहित नगरपालिकाका कर्मचारी र ठूलो संख्यामा सुरक्षाकर्मी परिचालित भएका थए।

हुलाकी सडक निर्माण गर्नका लागि राजविराज नगरपालिकाको वडा ३, ६, ७ र ८ मा पर्ने सिरहा रोड र कंचनपुर रोड हुने गरि नक्सांकन भएको छ।

## हनुमाननगरले विकास बजेटको ठूलो हिस्सा कृषि क्षेत्रमा लगानी गर्दै




**राजबिराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाले बिकास बजेटको ठूलो हिस्सा कृषि क्षेत्रमा लगानी गरेको छ।

गत आ.ब. २०७९/८० मा कृषिको बिकासका लागि करिब ३ करोड खर्च गरिसकेको नगरपालिकाले चालु आ.ब. २०८०/८१ मा यसलाई बृद्धि गर्ने तयारी समेत गरेको नगर प्रमुख बिरेन्द्र माझीले बताएका छन्।

बैज्ञानिक ढंगले अध्ययन गरि कृषि क्षेत्र सुधारका लागि बिभिन्न योजना कार्यान्वयनमा ल्याइएको उनको भनाई छ। जसअन्तरगत नगर क्षेत्रभित्रका किसानका लागि कृषि मिटरको प्रबन्ध गरि कृषि प्रयोजनमा खपत हुने युनिटको सबै महसुल खर्च नगरपालिकाले नै तिर्न थालेको र यसबाट नगर क्षेत्रका २ हजार ५ सय भन्दा बढी किसान लाभान्वित भएको उनले बताए। किसानले प्रयोग गर्ने बिद्युतमा नगरपालिकाले ४० र प्राधिकरणले ६० प्रतिशत रकम लगानी गर्ने सहमति भएको उनले जानकारी पनि दिए।

यस्तै किसानलाई प्रोत्साहन अभियान अन्तरगत किसानलाई प्याजको बिऊमा ७५ तथा आलु, गहुँ र धानको बिऊमा ५०/५० प्रतिशत अनुदानको व्यवस्था मिलाइएको उनले जानकारी दिए।

किसानलाई खेतीमा आकर्षित गराउन तथा प्रविधि र यान्त्रिककरण गरि उत्पादन बृद्धि गर्न सर्वसुलभ र सस्तो दरमा विभिन्न कृषि उपकरणको व्यवस्था पनि मिलाइएको उनको भनाई छ। यस योजना अन्तरगत किसानलाई सस्तो भाडा दरमा मकै, धान र गहुँ दाउनी गर्ने, कृषि औजार र उपकरण उपलब्ध गराउन थालिएको उनको कथन छ।

उनले भौतिक संरचना निर्माणपछि क्रमशः कृषि, स्वास्थ्य र शिक्षालाई उच्च प्राथमिकतामा

***बाँकी अन्तिम पृष्ठमा***

## जनमतले आफ्ना प्रदेशसभा सदस्यहरुको कार्यशैली मुल्याङ्कनका लागि गरायो मतदान

**राजविराज**/जनमत पार्टीले आफ्ना प्रदेशसभा सदस्यहरुको कार्यशैली मुल्याङ्कन (एफ्रुभल रेटिङ) का लागि शनिबार निर्वाचन गराएको छ। एक साताअघि मात्र स्थानीय तहमा बिजयी भएका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षको कार्यशैली मुल्याङ्कन (एफ्रुभल रेटिङ) का लागि सो निर्वाचन सम्पन्न गरिसकेको छ।

सप्तरीको प्रत्यक्षतर्फ जितेका ४ र समानुपातितर्फका २ गरि ६ प्रदेशसभा सदस्यको कार्यशैली मुल्याङ्कनका लागि निर्वाचन गरिएको निर्वाचन अधिकृत शिवनन्दन मेहताले बताए।

मतपत्रको एउटा कोठामा "तपाईको क्षेत्रका प्रदेश सभा सदस्यको काम सन्तोषजनक छ? र अर्को कोठामा सन्तोषजनक छैन" भनी लेखिएको थियो। ती मध्ये एउटा रोजेर स्वस्तिक चिन्ह लगाउन मतदातालाई भनिएको थियो।

निर्वाचन अधिकृत मेहताका अनुसार प्रदेशसभा २ को १ बाट निर्वाचित प्रदेश सांसद सतिशकुमार सिंहले ८० प्रतिशत मत प्राप्त गरेका छन् भने प्रदेशसभा २ को २ बाट निर्वाचित मधेश प्रदेशका शिक्षा तथा सामाज कल्याण मन्त्रीसमेत रहेका महेश प्रसाद यादवले ९२ प्रतिशत मत प्राप्त गरेका छन्। अन्य क्षेत्रको मतगणना भने जारि रहेको उनले जनाए।

जिल्लाको प्रदेशसभा क्षेत्र नं. १ को २, प्रदेशसभा २ को १ र २, प्रदेशसभा क्षेत्र ३ को १ तथा समानुपातिकतर्फका दुई गरि ६ प्रदेशसभा सदस्यका लागि यस्तो निर्वाचन एकै पटक गरिएको जनमतका जिल्ला इन्चार्ज रामगमन साहले जानकारी दिए।

## शिक्षा क्षेत्रमा माफियाको ताण्डव तोड्न मन्त्री यादवको आग्रह



**जनकपुरधाम**/मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवले शिक्षा क्षेत्रमा माफियाको ताण्डव रहेको भन्दै त्यसलाई तोड्न शिक्षकहरुसँग आग्रह गरेका छन्।

प्रदेशभरका शिक्षकहरुले जनकपुरधामस्थित मधेश भवन पुगेर प्रस्तावित 'विद्यालय शिक्षा ऐन २०७९' परिमार्जन गर्नुपर्ने भन्दै मन्त्री यादवलाई ज्ञापनपत्र बुझाउने क्रममा मन्त्री यादवले यस्तो आग्रह गरेका हुन्।

शिक्षकहरुलाई सम्बोधन गर्दै मन्त्री यादवले आन्दोलनमा आफ्नो साथ र समर्थन रहने बताउँदै शिक्षा ऐन जनमुखी हुनुपर्ने बताए। उनले भने, 'तपाईंहरु विश्वस्त हुनुस्। तपाईंहरुको धारणालाई समेटेर अगाडि बढ्छौं। तपाईंहरुले पनि आफ्नो भूमिका र दायित्व इमानदारीका साथ निर्वाह गर्नुहोला।'

प्रस्तावित विद्यालय शिक्षा ऐन बिगतमा भएको ३० बुँदे र ५१ बुँदे सहमति विपरीत आएको र त्यसमा २०७५ साल तथा त्यसपछि स्थायी भएका शिक्षकलाई पुरानै प्रणालीबाट पेन्सन दिनुपर्ने मागसमेत नसमेटिएकाले आफूहरु आन्दोलनमा उत्रिएको शिक्षकहरुले बताएका छन्।

**आखाँ पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्ने।
- सेक्दा आँखा बन्द गरेर वा सफा रुमालले सेक्ने।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- आँखा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने।
- बाहिर घाममा जाँदा कालो चस्मा लगाउने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदी दैनिक धुने।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अरुलाई प्रयोग गर्न नदिने।
- स्वास्थ्यकर्मीको सल्लाहविना जथाभावी औषधी प्रयोग नगर्ने।
- दृष्टि कम हुने लगायका आँखा सम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### खोला नदीको मर्मत र सरसफाई आवश्यक

सप्तरी जिल्लामा रहेको खोला नदीको सरसफाई हुन नसक्दा वर्षायाममा पानीको बहाव सतह भन्दा माथी बग्ने गरेको छ । जसकारण पानी मानवबस्तीमा पुगेर डुवान क्षेत्रमा परिणत हुने गरेको छ । हुन त यो जिल्ला जहिले पनि बाढीको उच्च जोखिममै रहने गर्छ । सरकारले नदीबाट बालुवा निकाल्न प्रतिबन्ध लगाएपछि खोला, नदीमा बालुवा थुप्रिदै जाँदा बहाव क्षेत्र साँघुरो हुँदै गएको छ । नदीमा बालुवा, गिटी भरिएपछि आफ्नो मुल प्रभाव क्षेत्रलाई छोडेर अन्य स्थानबाट पानीको बहावले बाटो बनाउँदा नदी फुट्ने गरेको देखिएको छ । हरेक वर्ष सप्तरीमा बाढीले ठूलै क्षति पुऱ्याइरहेको सत्यलाई नकार्न मिल्दैन् ।

जिल्लाको खाडो नदी त्यस्तो नदी हो जसबाट सामान्य वर्षामा पनि बाढी आउने सम्भावना रहन्छ । यो नदी नियन्त्रण, मर्मत, सरसफाईका लागि लामो समयदेखी प्रयास भइरहेको छ । हरेक वर्ष बजेट निकासा हुन्छ, तर पुरानै कामलाई कागजी प्रक्रिया अपनाएर रकम हजम हुने गरेको छ । जिल्लाको रुपनी गाउँपालिका हुँदै राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिकासम्म खाँडो नदीको बग्ने गर्दछ र पछि तिलाठीबाट भारततर्फ सो नदीको धार परिवर्तन हुन्छ । यस्तो अवस्थामा खाँडोको अन्तिम गन्तब्य तिलाठी नै हो । बाढीको पानी पनि सबैभन्दा बढी तिलाठीमै जम्ने गर्दछ । हरेक वर्ष तिलाठी डुवान पर्नुको कारण पनि खाँडो नदी नै हो ।

यता क्षति पुऱ्याउने कारण बारे कसैले केलाउन सकेका छैनन् । विभिन्न नदी, खोलाको मर्मत सम्भार र उचित सरसफाईप्रति कसैको गम्भिर ध्यानाकर्षण हुन सकेको छैन् । तसर्थ सरोकारवाला निकायले यसतर्फ ध्यान पुऱ्याएर समस्याको समाधानतर्फ अग्रसर हुनुपर्छ । साथै स्थानियस्तरबाट पनि जनदबाब सृजना गर्न सके यस समस्याको समाधान हुनेमा कुनै दुईमत नहोला ।

# निलम्बित मेयर भिमराज यादव विशेष अदालतद्वारा दोषि ठहर

**राजविराज**/राजविराजका निलम्बित मेयर भिमराज यादवलाई विशेष अदालतले दोषि ठहर गरेको छ । उनलाई अदालतले २ लाख ६३ हजार ४ सय ६८ रुँपैया जरिवाना तोकेको छ ।

यादव संचालक रहेको न्यू गहिल कन्स्ट्रक्सनद्वारा आ.ब. २०७४/७५ मा राजविराजस्थित राजरंगशालाको स्तरोन्नती कार्यमा भ्रष्टाचार भएको दाबी गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीलगायत ७ जना बिरुद्ध २०७९ साल असार २९ गते विशेष अदालतमा आरोप पत्र दायर गरेको थियो ।

सोही मुद्दामा बिहीबार विशेष अदालतले उनलाई दोषि ठहर गरि जरिवाना तोकेको हो । बि.स. २०७९ जेठ ९ गते पदभार ग्रहण गरेको एक महिना २१ दिन नबित्दै भ्रष्टाचारको आरोप लागेका मेयर यादव निलम्बनमा परेका थिए ।

यस्तै उक्त मुद्दाका प्रतिवादी जिल्ला समन्वय समितिका इन्जिनियर विकास श्रेष्ठलाई दुई मुद्दामा ३/३ महिना कैद तथा उदय निर्माण सेवाका संचालक उदय श्रेष्ठलाई २ लाख ६३ हजार ४ सय ७० रुँपैया जरिवाना भराउन विशेष अदालतको आदेशमा उल्लेख छ ।

यसैगरि सोही मुद्दामा आरोपी जिल्ला खेलकुद विकास समितिका तत्कालिन अध्यक्ष एजेट न्यासुर, उपाध्यक्ष धिरेन्द्र बर्मा धिरु, कार्यालय प्रमुख लक्ष्मण मण्डल र नासु महेन्द्र यादवलाई भने विशेष अदालतले सफाई दिएको छ ।

आयोगद्वारा दायर गरिएको आरोपपत्रमा उक्त निर्माण कम्पनीका संचालक रहेका यादवले निर्धारित शर्त तथा मापदण्ड (स्पेसिफिकेशन) विपरित कार्य गरि त्यस्तो कार्यलाई शर्त तथा मापदण्ड बमोजिम नै भएको भनि प्रमाणित र स्विकृत गराई २ लाख ६३ हजार ४ सय ६८ रुँपैया ४० पैसा बढी भुक्तानी लिएको उल्लेख छ ।

# सबलको १८ औं साधारण सभा तथा सामाजिक परिक्षण कार्यक्रम सम्पन्न

**राजविराज**/सबल नेपालले सोमबार आफ्नो स्थापना दिवस मनाएको छ । आयोजित एक समारोहबीच सबलले १८ औ साधारण सभा तथा सामाजिक परिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

समारोहमा सबल नेपालका अध्यक्ष जुना गिरिले आ.ब. २०७९/८० को बार्षिक प्रगती प्रतिवेदन तथा आ.ब. २०८०/८१ को बार्षिक कार्यक्रमको प्रतिवेदन प्रस्तुत गरेकी छिन् ।

आ.ब. ०७८/७९ मा खर्चको अनुमानित बिवरण अनुसार समुन्नती र संकल्प कार्यक्रम तर्फ ५ करोड १८ लाख, खानेपानी तथा सरसफाई स्वच्छता कार्यक्रम तर्फ ४ करोड २५ लाख, सौर्यउर्जा प्रवर्द्धन कार्यक्रम तर्फ १२ लाख १९ हजार, शुद्ध खानेपानी माथि सहज पहुँचका लागि ४२ लाख ५० हजार, दैवी प्रकोप राहत तथा कोरोना रोकथाम कार्यक्रम तथा सहयोगमा २ करोड ५० लाख, वातावरण संरक्षण अभियान २ करोड ५० लाख, कृषीमा आधारित कार्यक्रममा ७५ लाख २५ हजार र संस्था संचालन तर्फ ७५ लाख ४५ हजार गरी जम्मा १६ करोड ४८ लाख ३९ हजार बराबरको आयव्यय सार्वजनिक गरिन् ।

उनले सबलले शिक्षा, स्वास्थ, जिविकोपार्जन, किशोरकिशोरी बिकास कार्यक्रम संचालन गर्दै आएको जानकारी दिँदै सेभ द चिल्ड्रेन र सबल नेपालको साझेदारीमा जिल्लाको खडक र सुरूङ्गा नगरपालिकामा बाल बिकास केन्द्र निर्माण, शिक्षक शिक्षिकाहरूलाई शिक्षण सिकाई क्रियाकलापका लागि क्षमता बिकास तालिम, स्वास्थ चौकीहरूमा सामग्री बितरण, स्वास्थकर्मिहरूको क्षमता बिकास, किशोरकिशोरी क्षमता बिकास, नेतृत्व बिकास, बालभिते पत्रकारिता, बालअधिकार सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रम गर्दै आएको उल्लेख गरिन् ।

यसअघि समारोहलाई सम्बोधन गर्दै गैसस महासंघका बरिष्ठ उपाध्यक्ष ध्रुव देवले समुदायको बिकासका लागि शिक्षा र स्वास्थमा सुधार ल्याउनुपर्नेमा जोड दिएका छन् । उनले समुदाय बिधालयको शिक्षा कमजोरसँगै अभिभावकको बिश्वास घट्दै गएकोले सबै मिलेर सामुदायिक बिद्यालयमा गुणस्तरिय सुधार ल्याउनुपर्ने धारणा राख ।

त्यस्तै गैसस महासंघ सप्तरीका अध्यक्ष तथा सबल नेपालका निर्देशक दिपक झाले बालवालिकाहरूको सिकाई उपलब्धी, पठनपाठनमा सुधार, समुदायको क्षमता बिकास, बालबालिकाहरूको पठाईमा सुधार र घरमा सिकाईको वातावरण निर्माण गर्नका लागि निरन्तर कार्यक्रम गर्दै बताए ।

गैसस महासंघ नेपाल सप्तरीका प्रथम अध्यक्ष दिलिप चौधरीले समुदायको बिकास र ब्यवहारमा परिवर्तन सँगै आय आर्जनमा सुधार ल्याउनका लागि सबलले निरन्तर रूपमा समाजलाई सबल बनाउन खेलेको भुमिकाप्रति प्रशंसा गरे ।

सोही अवसरमा कोशी पीडित समाजका निर्देशक देव नारायण यादवले सबल नेपालले समाज र समुदाय तथा राष्ट्र हितका लागी पुऱ्याएको योगदान बारे चर्चा गरे ।

समारोहमा प्रेस स्वतन्त्रता सेनानी बैधनाथ झा, सुरूङ्गा नगरपालिका १० का वडा अध्यक्ष चन्द्र नारायण यादव, महुली समुदाय बिकास केन्द्रका अध्यक्ष श्यामकान्त चौधरी, सेभ द चिल्ड्रेनका देवकृष्ण भगत, आसबिर सारू, जिल्ला बाल संजालका अध्यक्ष सलमा खातुन, सबल नेपालका संस्थापक अशोक कुमार साह, परमेश्वर झा, संस्थाका कार्यक्रम संयोजक रोशन मण्डल, सिरहाका वास कार्यक्रम संयोजक भिमलाल साही लगायत संस्थाका साधारण सदस्य तथा बिभिन्न सघसंस्थाहरू तथा पालिकाहरूको प्रतिनिधिहरूको उपस्थिति रहेको थियो भने कार्यक्रम संचालन सबल नेपालका कोषाध्यक्ष आयुष श्रेष्ठले गरेका थिए ।

# पत्रकार महासंघको सम्पूर्ण आन्दोलनका कार्यक्रम स्थगित

**राजविराज**/विगत ६ दिनदेखी आन्दोलनमा उत्रेका नेपाल पत्रकार महासंघ शाखा सप्तरीले सम्पूर्ण आन्दोलनका कार्यक्रम मंगलबारदेखी स्थगित गरेको छ ।

महासंघका अध्यक्ष श्रवणकुमार देवले मंगलबार एक विज्ञप्ति जारि गर्दै महासंघले उठाएका दुबै माग वार्ताको माध्यमले प्रमुख जिल्ला अधिकारी एवं जिल्ला प्रहरी प्रमुख नरेन्द्र कार्कीले सम्बोधन गर्दै कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएपछि आन्दोलन स्थगित गरिएको उल्लेख छ ।

विज्ञप्तिमा जिल्ला प्रशासन कार्यालयले पटक-पटक वार्ताका निम्ति पत्र पठाएको र ३० गते मंगलबार आयोजित धर्नास्थलमै आएर प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले वार्ताका निम्ति अनुरोध गरेपछि विज्ञसका नेतृत्वसँग समेत सल्लाह गरेर पत्रकार महासंघका पदाधिकारी र सदस्य वार्तामा बसेको जनाइएको छ ।

मंगलबारै भएको वार्तामा जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचना त्रुटिपूर्ण रहेको र प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले गल्ती भएको भन्दै माफी समेत मागेको तथा पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रहेको र आगामी दिनमा यस किसिमका त्रुटी नगर्ने प्रतिबद्धता जिल्ला प्रशासन कार्यालयले जनाएको विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै पत्रकार मनोहर पोखरेलमाथि जिल्ला प्रहरी कार्यालयम सप्तरीमा २०८० साउन १५ गते घटेको घट्ना सम्बन्धमा प्रचलित कानून अनुसार कारवाही गरी नेपाल पत्रकार महासंघ सप्तरीलाई जानकारी गराउने प्रतिबद्धता जनाइएको छ ।

महासंघको आन्दोलनमा प्रत्यक्ष वा अप्रत्यक्ष सहभागिता जनाउने, सम्पूर्ण पत्रकार, सरोकारबालाको साथै ऐक्यवद्धता जनाउने विभिन्न संघ संस्थाप्रति आभार प्रकट गर्दै धन्यवाद ज्ञापन समेत गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले २०८० साउन २३ गते जारी गरेको सूचनाले संविधान विपरित प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने काम भएको ठहर गर्दै विगत ६ दिनदेखी पत्रकार महासंघ आन्दोलनमा रहेको थियो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# विद्यालय कसले चलाउँछ ?

**गोविन्द लुइँटेल**

प्रश्न अति सामान्य छ। उसको जवाफ पनि सामान्य छ- सरकारले चलाउँछ।

विचार आआफ्नो हो, उसको उत्तर सही नहुन पनि सक्छ। सरकारले विद्यालय चलाउन नीति दिन्छ; ऐन-नियम दिन्छ; विद्यालय भवन दिन्छ; पाठ्यक्रम दिन्छ; पाठ्यपुस्तक दिन्छ; शिक्षक दिन्छ; शिक्षकलाई तलबभत्ता, तालिम, निवृत्तिभरण दिन्छ।

विद्यालय चलाउन सरकारले आवश्यक अन्य भौतिक सुविधाको प्रबन्ध मिलाइदिन्छ। तालुकदार निकायहरू दिन्छ, नियामक अधिकारीहरू दिन्छ। यिनै आधारहरूमा भनेको विद्यालय सरकारले चलाउँछ भनेर।

सबैभन्दा माथिल्लो तालुकदार निकायका रूपमा नेपाल सरकार अर्थात् संघीय सरकारको शिक्षा मन्त्रालय छ जसले देशभर विद्यालय चलाउन आवश्यक प्रबन्ध मिलाउँछ। जवाफमा भनिएको सरकार यही हो।

**सरकार एउटा मात्रै छैन।**

संघीय सरकारपछि प्रदेश सरकार र स्थानीय सरकार छन्। यिनले पनि ऐन-नियम बनाउँछन् र आआफ्नो सरहदभित्र कार्यान्वयन गर्छन्, नियमन गर्छन्। विद्यालयको भौतिक र शैक्षिक उन्नयनका लागि काम गर्छन्।

यति भएपछि त विद्यालय सरकारले चलाउँछ भन्नु परिगयो। संविधान, तीनै तहका सरकारका ऐन-नियम, लगानी र तालुकदारहरू सबैको संयुक्त प्रयासको अन्तिम बिन्दु विद्यालय हो। विद्यालयको दैनिक नियमन प्रधानाध्यापकले गर्छ।

विद्यालयबाट राम्रो नतिजा दिने गरी काम गर्ने जिम्मेवारी प्रधानाध्यापकको हो। प्रधानाध्यापक विद्यालय शिक्षाको आधारभूत कार्यालय प्रमुख हो, विद्यालयको जग हो। प्रधानाध्यापकले कक्षा सञ्चालनको समयसारिणी बनाउँछ। विद्यालयको समग्र शिक्षण-सिकाइ गतिविधि नियमित गराउँछ।

विद्यालय सञ्चालनको आधारभूत पक्ष विद्यार्थी हो। प्रधानाध्यापकले विद्यार्थीहरूको सामूहिक रेखदेख गर्छ। व्यक्तिगत रेखदेख आवश्यक पर्ने विद्यार्थी पहिचान गर्छ। सकेसम्म सबै विद्यार्थीको पारिवारिक र आर्थिक-सामाजिक अवस्थासहितको व्यक्तिगत विवरण आफ्नो जानकारीमा राख्छ।

निकै ठूलो संख्यामा विद्यार्थी रहेको स्कुलको प्रधानाध्यापकले प्रत्येक विद्यार्थीको व्यक्तिगत विवरण जानकारीमा राख्न कठिन हुन सक्छ। यस्तो अवस्थामा सहायक प्रधानाध्यापक र कक्षा शिक्षकबाट सहयोग लिन्छ। आवश्यकताअनुसार विद्यार्थीलाई हौसला दिने र सिकाइका लागि प्रेरित गर्ने काम गर्छ। कोही विद्यार्थी कुनै समस्यामा परेको छ भने समाधानका लागि अधिकतम सहयोग गर्छ।

प्रधानाध्यापकले विद्यार्थीसँग सामूहिक छलफल गर्छ। शिक्षण-सिकाइ गतिविधिबारे उनीहरूको धारणा सुन्छ। शिक्षकबारे अनुभव सुन्छ। कुनै गुनासो भए त्यसको निवारण गर्छ। विद्यार्थीको सामूहिक आग्रहको सम्मान गर्छ र तदनुकूल कदम चाल्छ।

विद्यालयका लागि अर्को महत्त्वको पक्ष हो अभिभावक। प्रधानाध्यापकले तालिकाबद्ध भएर अभिभावकहरूसँग सामूहिक र व्यक्तिगत भेट-छलफल गर्छ। सामूहिक भेटमा विद्यालयप्रति उनीहरूको धारणा सुन्छ, आवश्यकताअनुसार सुझाव लिन्छ। व्यक्तिगत भेटमा ती अभिभावकसँग सम्बद्ध विद्यार्थीको शिक्षण-सिकाइ र अन्य आवश्यक विषयमा छलफल गर्छ। सुझाव दिन्छ, सुझाव लिन्छ।

अर्को महत्त्वको पक्ष हो शिक्षक। प्रधानाध्यापकले शिक्षकहरूमा सामूहिकताको भावना सिर्जना गर्छ। एउटै उद्देश्य र लक्ष्यमा अघि बढेका एउटै डुंगाका यात्री, एउटै परिवारका सदस्यका रूपमा शिक्षकहरूको नेतृत्व गर्छ। आफू नाविक बन्छ, घरमूली बन्छ र तदनुकूल जिम्मेवारी निर्वाह गर्छ, कर्तव्य पूरा गर्छ। शिक्षकहरूलाई समयसारिणीमा प्रतिबद्ध बनाउँछ। शिक्षण-सिकाइ गतिविधिको निरीक्षण र निगरानी गर्छ। शिक्षकलाई आवश्यक सुझाव दिन्छ। शिक्षकका गुनासा सुन्छ र निवारणको पहल गर्छ।

प्रधानाध्यापकले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक अवस्था व्यवस्थित गर्न सबै किसिमको पहल गर्छ। विद्यालयको वार्षिक बजेट बनाउँछ। समुदायका अंगहरूसँग समन्वय गर्छ र विद्यालयको हितमा परिचालन गर्छ। समुदायबाट सहयोगीहरू पहिचान गरेर आवश्यक सहयोग जुटाउँछ। सरकारी बजेटका अतिरिक्त सहयोगी गैरसरकारी संस्थाहरू खोजी गर्छ, सहयोग जुटाउँछ।

प्रधानाध्यापकले विद्यालय व्यवस्थित सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिका माध्यमबाट पनि सहयोग जुटाउँछ। विद्यालय व्यवस्थापन समितिमा स्थानीय समुदायकै व्यक्तिहरू रहन्छन्। विद्यालय स्थानीय समुदायसँग सोझो सम्बन्ध भएको सार्वजनिक संस्था हो। विद्यालयको शैक्षिक गतिविधि सुदृढ बनाउन समुदायको चासो र सहभागिता महत्त्वपूर्ण हुन्छ। विद्यालय व्यवस्थापन समितिमार्फत तथा त्यही समुदायको सदस्य हुनुको नाता र प्रधानाध्यापकको हैसियतबाट समुदाय परिचालनको पहल गर्छ।

प्रधानाध्यापकले विद्यालयको भौतिक सुविधा व्यवस्थित गराउँछ। मर्मतसम्भार गराउँछ, नयाँ निर्माण गराउँछ। विद्यालयको सम्पत्ति संरक्षण गर्छ। विद्यालयको आर्थिक हिसाब अद्यावधिक र पारदर्शी राख्छ।

समग्रमा प्रधानाध्यापक विद्यालयको पहिलो अभिभावक हो। यस नाताले सबैभन्दा बढी जिम्मेवार व्यक्ति पनि प्रधानाध्यापक नै हो। विद्यालयको संरचना एउटा परिवारजस्तै हुन्छ। प्रधानाध्यापक, शिक्षकहरू र विद्यार्थीहरू एकै घरपरिवारका सदस्य हुन्। प्रधानाध्यापक पनि शिक्षक हो। प्रत्येक शिक्षकका लागि विद्यार्थीहरू छोराछोरीसरह हुन्। आआमाबाबुले छोराछोरीलाई गरेसरह मायाप्रेम गर्छन्।

आमाबाबुले सधैं आफ्ना छोराछोरीको हित र उन्नति चाहन्छन्। छोराछोरी गतिला होऊन्, सुनाम होओस्, हामीभन्दा धेरै जान्ने-बुझ्ने होऊन्, खुसी-सुखी रहून् भन्ने कामना गर्छन्। यसकै लागि प्रार्थना गर्छन्। आफ्नो जीवन छोराछोरीमै समर्पित गर्छन्।

मानव समाजमा एउटाको प्रगतिमा अर्कालाई इर्ष्या हुन्छ। इर्ष्या मानिसको संवेगात्मक अवस्था हो यसकारण इर्ष्या हुनु स्वाभाविक पनि हो। परिवारमा आमाबाबुले छोराछोरीको इर्ष्या गर्दैनन्।

आमाबाबु र छोराछोरी जस्तै इर्ष्याविहीन सम्बन्ध हुन्छ शिक्षक र विद्यार्थीका बीचमा। शिक्षक सधैं आफ्ना विद्यार्थीको हित र उन्नति चाहन्छ। विद्यार्थीले बढीभन्दा बढी सिकोस्, उत्कृष्ट नतिजा हासिल गरोस्, मभन्दा उत्कृष्ट शिक्षक बन्न सकोस्, उच्च सरकारी ओहोदामा पुगोस्, मन्त्री-प्रधानमन्त्री बनोस्, राष्ट्रसेवक बनोस्, लेखक-साहित्यकार बनोस्, उद्योगपति बनोस् यस्तै अनेक कामना गर्छ।

समग्रमा शिक्षकले आफ्नो विद्यार्थी असल नागरिक बनोस् र आफ्नो ठाउँबाट देशको उन्नतिमा योगदान गरोस् भन्ने चाहन्छ।

शिक्षकलाई विद्यार्थीको उन्नतिमा औधी खुसी लाग्छ। आमाबाबुले भविष्यमा आफ्ना छोराछोरीबाट के अपेक्षा गर्छन्? यो एक प्रश्नका अनेक जवाफ हुन सक्छन्। यहाँ यसको जवाफ खोज्नु उसको उद्देश्य होइन।

एउटा शिक्षकले आफूले पढाएको विद्यार्थीबाट व्यक्तिगत रूपमा के अपेक्षा गर्छ? भेट भएका बखत बढीमा एक नमस्कार त हो!

उसलाई पढाउने प्रधानाध्यापक र शिक्षकहरू कक्षामा भन्थे- तिमीहरू त पार भएर गइहाल्ने हौ, तिमीहरूसँग हाम्रो के नै आशा हुन्छ र! कतै भेट हुँदा नमस्कार गर्छौ कि, सञ्चो-बिसञ्चो सोध्छौ कि भन्नेसम्म न हो।

आज ऊ आफ्ना विद्यार्थीहरूलाई यसै भन्छ। उसलाई लाग्छ- हरेक पुस्ताका शिक्षकले यसै भने, पुस्तौंसम्म यसै भन्नेछन्।

हो, यही पवित्र परिवारको अभिभावक हो प्रधानाध्यापक। यस अर्थमा खासमा विद्यालय प्रधानाध्यापकले नै चलाउँछ। साढे तीन दशक विद्यालय शिक्षणमा बिताएको शिक्षकका नाताले उसको अनुभव यही हो। साँच्चै, विद्यालय प्रधानाध्यापकले नै चलाउँछ। उसको विश्वास पनि यही हो।

उसले यति धेरै चर्चा गरेर, घरमूली भनेर, अभिभावक भनेर प्रधानाध्यापकले गर्ने नेतृत्वको महत्ताको बयान गरेको हो। शिक्षकको अवमूल्यन गरेको होइन, प्रधानाध्यापक विद्यालयको नेता हो भनेको। ऊ यो मान्छ, प्रधानाध्यापक एक्लैले चलाउने होइन। यसमा शिक्षकहरू हुन्छन्, उनीहरू प्रधानाध्यापकसँगै हुन्छन्। प्रधानाध्यापक सारथि हो, शिक्षकहरू योद्धा हुन्। योद्धा नभए सारथि एक्लैले केही गर्ने होइन। योद्धालाई हौसला दिने चाहिँ सारथिले नै हो।

विद्यालय हरेक व्यक्तिमा शिक्षा र ज्ञानको ज्योति बाल्ने र देशका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने प्रारम्भिक थलो हो। देशको जनशक्ति उच्च निष्ठायुक्त, सिपयुक्त र दक्ष हुनुपर्छ। यसको जग बसाउने विद्यालयले नै हो। ज्ञातव्य छ, जग बलियो भयो भने मात्रै त्यसमाथिको संरचना बलियो हुन्छ।

शिक्षकहरूका बीचमा चर्चा हुन्छ, छलफल हुन्छ। चर्चाका शीर्षकहरू हुन्छन्- फलानो स्कुल कसरी राम्रो भयो? कुन स्कुल खत्तम भयो? भौतिक सुविधा राम्रो भएर पनि फलानो स्कुल किन बर्बाद भयो? भौतिक सुविधा राम्रो नभएर पनि फलानो स्कुल कसरी राम्रो भयो? इत्यादि।

बाँकी चार पृष्ठमा




<u>अनुरोधकर्ता</u>

**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

# जातका आधारमा अन्याय कहिलेसम्म ?

**अंकितराज पाण्डे**

नेपालको अन्तरिम संविधान २०६३ ले पहिलोपटक छुवाछुत तथा जातीय भेदभावविरुद्धको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको थियो । नेपाली समाजमा जातीय तथा सामाजिक भेदभाव तथा छुवाछुत धेरै लामो समयदेखि परम्पराका रूपमा रहँदै आएको र समाजमा अद्यापि यस प्रकारको बिभेद र असमानता रहँदै आएको सन्दर्भमा कुनै पनि प्रकारको भेदभाव तथा छुवाछुतविरुद्धको हक व्यक्तिलाई हुनु आफैँमा महत्त्वपूर्ण विषय हो ।

नेपालको संविधानले 'छुवाछुत तथा भेदभाव विरुद्धको हक'मा व्यवस्था गरेको छ, 'कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनकि स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिनेछैन ।'

यस हकको कार्यान्वयन गर्न तथा विभेद र छुवाछुतका कार्य नियन्त्रण गर्न यससम्बन्धी कानुन समेत लागू गरिएको छ । संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनले मात्र मौलिक हकका रूपमा व्यवस्थित यस हकको महत्त्व र सार्थकता हुन्छ ।

छुवाछुत तथा जातीय बिभेद दण्डनीय अपराध हो । २१औँ शताब्दीमा पनि समाजलाई विभाजित गरी मानिस-मानिसबीच अनुचित भिन्नता ल्याउने सबै प्रकारका जातीय बिभेदलाई संविधानले अस्वीकार गरेको सन्दर्भमा त्यसको कार्यान्वयन गर्न बनेको कानुनको प्रभावकारी र सहज कार्यान्वयन हुनुपर्ने कुरामा दुईमत हुन सक्दैन ।

ऐतिहासिक परिवेश हेर्दा नेपालमा जातीय बिभेद छुवाछुतलाई सामाजिक रूपमा र कानुनी रूपमा मान्यता दिइएको थियो । सोही कारण पनि समाजमा यसको स्वरूप निर्मूल हुन सकेको छैन ।

**कार्यान्वयनको अवस्था**

हाम्रो समाजमा विभिन्न रुपमा जातीय भेदभाव तथा छुवाछुत रहेको छ । यससँग सम्बन्धित घटनाहरु सार्वजनिक भइरहेकै छन् । अन्तर्जातीय विवाह गरेकै कारण, मन्दिर प्रवेशका कारण वा सार्वजनिक भोजमा सहभागी भएका लगायत कारण दलित समुदायमाथि कुटपिट तथा जालभेल भएका घटना सार्वजनिक भइरहेकै छन् । कतिपय अवस्थामा दलित समुदायका व्यक्तिको ज्यान गएको समाचार पनि आइरहेकै छन् । अन्य समुदायले जस्तै दलित समुदायले होटल चलाउन सक्ने अवस्था अझै पनि गाउँठाउँमा छैन ।

०६८ मा 'जातीय भेदभाव तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन' लागू भयो । यस ऐन अनुसार पीडितले दिने उजुरीलाई प्रशासनले दर्ता नगर्ने समस्या एकातिर छ भने अर्कोतिर पीडित स्वयंलाई उजुरी दिन सकिने विषयमा पर्याप्त ज्ञान छैन । योसँगै पीडितलाई मिलापत्र गर्न दबाब दिने, उजुरी दर्ता गरिए पनि प्रभावकारी अनुसन्धान नगर्ने समस्या विभिन्न अध्ययनले देखाएका छन् । यसबाट एकातिर पीडितले न्याय पाउन नसक्नुका साथै न्यायमा पहुँचको अवस्था समेत कमजोर रहेको देखाउँछ ।

सामाजिक अपराधको रूपमा रहेको जातीय भेदभाव तथा छुवाछुत विरुद्धको कानुनी व्यवस्थाबारे गाउँगाउँसम्म चेतना अभिवृद्धि गर्न नसकिएका कारण पनि कानुनको पालना र कार्यान्वयनमा कठिनाइ भएको पाइन्छ । कानुन कार्यान्वयन गर्ने निकायले उच्च प्राथमिकताका साथ यस विषयमा काम गर्ने वातावरण निर्माण हुन सकेको अवस्था छैन । दलित लगायत उत्पीडित समुदायका कतिपय आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक रूपमा पछाडि छन् । संवैधानिक र कानुनी व्यवस्थाको कार्यान्वयन हुन सके समतामूलक समाज निर्माणमा सकारात्मक सहयोग हुने थियो ।

जातीय भेदभाव तथा छुवाछुत बारे संवैधानिक र कानुनी व्यवस्था के छ, यस सम्बन्धमा गाउँ-टोलसम्म चेतना फैलाइनुपर्छ । कानुनको पालना नगर्ने सोच र पालना नगर्दा प्रभावकारी रूपमा कानुनको कार्यान्वयन नहुने हुँदा छुवाछुत र भेदभावपूर्ण कार्य हट्न सकेका छैनन् । यसमा सामाजिक मूल्य-मान्यता, अशिक्षा, चेतनाको कमीजस्ता कारण एकातिर जिम्मेवार छन् भने अर्कोतर्फ कानुन कार्यान्वयनको पक्ष पनि कमजोर छ । यसका लागि मानवीय व्यवहार र सोचमा परिवर्तन गर्न र कानुनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ ।

**निष्कर्ष**

जातीय भेदभाव र छुवाछुतसम्बन्धी कार्यलाई गम्भीर सामाजिक अपराध रूपमा सबैले स्वीकार गर्न आवश्यक छ । यसका साथै यो अपराध हुन नदिन सोही अनुसार मानिसको सोच र व्यवहारमा परिवर्तन गर्न आवश्यक हुन्छ । यो अवैज्ञानिक र अमानवीय कार्य हो भन्ने चेतना सबैमा जगाउन जरुरी छ । यसका लागि व्यापक रूपमा सामाजिक सचेतना अभियान चलाइनुपर्छ । यस्तो कसुर हुन नदिने र भएमा त्यसको प्रभावकारी अनुसन्धान गरी कसुर गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने कुराले पनि यस्ता कार्य नियन्त्रणमा सहयोग पुग्छ । यसका लागि अनुसन्धान गर्ने जिम्मेवारीमा रहेको प्रहरीको र दोषीउपर अभियोजन गर्ने सरकारी वकिलको महत्त्वपूर्ण भूमिका रहन्छ ।

यस्तो अपराध गर्नेमाथि गम्भीर रूपमा अनुसन्धान गर्नका लागि सरकारी वकिल सजग र संवेदनशील हुने हो भने कानुनको कार्यान्वयन प्रभावकारी हुन सक्छ । विद्यमान कानुनमा कमजोरी छन् भने सुधार आवश्यक छ । कानुनको कार्यान्वयनलाई प्रभावकारी बनाउने कुरामा आम नागरिक, राजनीतिक दल, समुदाय, सरोकारवाला निकाय, सम्बद्ध संघ-संस्थाको सामूहिक प्रयास पनि उत्तिकै महत्त्वपूर्ण हुने देखिन्छ । तीनै तहका सरकार, सञ्चार जगत्, प्रशासन साथै जातीय भेदभाव तथा छुवाछुतबाट पीडित व्यक्ति तथा समुदाय पनि संवैधानिक तथा कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोगी बन्न जरुरी छ । अनि मात्र जातीय भेदभाव तथा छुवाछुत हटाउन र यस्ता दण्डनीय अपराधलाई कम गर्न सकिन्छ । (लेखक पाण्डे काठमाडौं स्कुल अफ लमा बिएएलएलबी तेस्रो वर्षमा अध्ययनरत छन् ।) रातोपाटीबाट

## *विद्यालय कसले ...*

कारणको केन्द्रमा प्रधानाध्यापक नै हुन्छ । पूर्ण निष्ठाका साथ आफ्नो अधिकार प्रयोग र कर्तव्य पालना गरेको प्रधानाध्यापकले नेतृत्व गरेको स्कुल शिक्षण-सिकाइमा अब्बल सावित हुने गरेको छ । नतिजाहरूले यही तथ्य उजागर गरेका छन् ।

उच्च नेतृत्व कौशल भएको; व्यवहार कुशल; आफ्नो अधिकार, कर्तव्य र उत्तरदायित्वप्रति सचेत; पेसाप्रति निष्ठायुक्त र उच्च निर्णय क्षमता भएको प्रधानाध्यापकले मात्रै विद्यालय परिवारको कुशल नेतृत्व गरेर विद्यालयलाई उत्कृष्ट बनाएको छ ।

नेतृत्वकुशल प्रधानाध्यापकमा हुने अर्को गुण हो पारदर्शिता । आजको युग पारदर्शिताको हो । पारदर्शिताले सुशासन कायम गराउँछ । विद्यालय सुशासनयुक्त भयो भने विद्यार्थीले पनि सुशासन सिक्छन्, देशका लागि भविष्यका कर्णाधार बन्छन् । प्रधानाध्यापकले विद्यर्थीहरूलाई सुशासनका तत्वहरू सिकाउने प्रारम्भिक थलो बनाउन सक्छ ।

मुखले भनेर मात्रै हुन्न; सीपले, चेतनाले, ज्ञान र विवेकले मात्रै आजको विद्यार्थी भोलिको कुशल कर्णाधार बन्छ । देशलाई चाहिएको कुशल कर्णाधार हो जसले भोलिको देशको बेडा पार लगाऊन् । राजनीतिको, शिक्षाको, विकासको, अर्थतन्त्रको, उद्योगको, अन्तर्राष्ट्रिय सम्बन्धको र समग्रमा सिंगो देशको बेडा हाँक्न आआफ्नो क्षेत्रका कुशल नाविक बन्न सकून् ।

यसरी प्रधानाध्यापकले देशको उन्नत भविष्यका लागि जनशक्ति उत्पादनको जग बनाउने कामको नेतृत्व गरेको हुन्छ भन्ने ऊ मान्छ । यस अर्थमा प्रधानाध्यापक पद होइन, प्रधानाध्यापक हुनु भनेको हाकिम हुनु होइन, देश निर्माणको आधारभूत तहमा जिम्मेवारी निर्वाह गर्नु हो ।

यति गहन जिम्मेवारीको सारथि छनोट प्रक्रिया कम महत्त्वको हुँदैन । राजनीतिक व्यक्तिहरू शिक्षक राजनीतिक कार्यकर्ता भए, सरकारी विद्यालयको गुणस्तर खत्तम भयो भन्छन् । प्रधानाध्यापक र शिक्षकहरू विद्यालयमा राजनीतिक हस्तक्षेप भयो भन्छन् । शिक्षकहरू राजनीतिक चेतनायुक्त व्यक्ति हुन्, राजनीतिक व्यक्ति होइनन् । तहतहका तालुकदारहरूले यति कुरा ठम्याउन सके भने शिक्षक राजनीतिक कार्यकर्ता भए भनेर दोष पन्छाउनु पर्ने छैन । विद्यालयमा राजनीतिक हस्तक्षेप भयो भनेर गुनासो गर्नु पनि पर्दैन ।

यस्तो सारथिलाई आफ्नो जिम्मेवारीको रथ हाँक्न र बेडा उठाउन सरकारले कस्तो तालिम दिएको छ र कति प्रोत्साहित गरेको छ भन्ने कुरा सबैभन्दा बढी महत्त्वको हुन्छ । कुनै शिक्षक प्रधानाध्यापक नियुक्त हुँदैमा स्वतः सक्षम हुँदैन । सक्षमता विकास गर्न र प्रधानाध्याकलाई साँच्चै दक्ष बनाउन तहतहका सरकार र तिनका निकायहरूले कति लगानी गरेका छन्? यो प्रश्न तिनैलाई जो विद्यालय शिक्षाका तालुकदार हुन् र आफूलाई आधिकारिक तालुकदार ठान्छन् ।

प्रधानाध्यापक सकुशल आफ्नो गन्तव्यमा पुग्नुपर्छ । विद्यालयको रथ ठिक ढंगले हाँक्न सकेको अवस्थामा मात्रै योद्धाहरूले लक्ष्य भेदन गर्न सक्छन् । मूल नाविकले समुद्रको उतार-चढाव थाहा पाउन सके मात्रै बेडा पार लाग्न सक्छ । यसर्थ, प्रधानाध्यापक निष्ठाको पथबाट रौं बराबर मात्रै विचलित भयो भने पनि विद्यालयको रथ पल्टिन्छ, बेडा डुब्छ ।

यति ख्याल गर्ने चाहिँ प्रधानाध्यापकले नै हो । ऐन-नियम र राष्ट्रिय नीतिको परिधिमा विद्यालयभित्र प्रधानाध्यापक नै सर्वोपरि हो । सर्वोपरि हुनुको अर्थ दायित्वबोध गर्नु र उत्तरदायित्व ग्रहण गर्नु हो । प्रधानाध्यापक हुनुको प्राथमिक गुण यही हो हो । शिक्षकहरूको साथ प्रधानाध्यापक विद्यार्थीहरूको भविष्य निर्माता हो ।

आज स्कुलमा पढ्दै गरेको विद्यार्थी भविष्यको राजनीतिक नेता हो; डाक्टर, इन्जिनियर, पाइलट, लेखक-साहित्यकार, पत्रकार, कलाकार इत्यादि अनेक हो । समग्रमा देशले अपेक्षा गरेको असल नागरिक हो । प्रधानाध्यापक यिनको बेडा लिएर अघि बढेको नाविक हो, यिनको रथ हाँकेर अघि बढेको सारथि हो । त्यसैले त उसले प्रधानाध्यापक सर्वोपरि हो भनेक हो । सेतोपाटीबाट

## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधान्कि कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, बेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोबाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक्र अनुसन्धान पश्चात सरकारी बकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्षः**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि : डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# भारदह अस्पतालको नयाँ भवनमा प्रसुती तथा शल्यक्रिया कक्ष संचालन

**राजविराज**/मधेश प्रदेश सरकारको लगानीमा थप नयाँ भवन निर्माण भएपछि शुक्रबारदेखी सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित भारदह अस्पतालमा प्रसुती तथा शल्यक्रिया कक्ष बिस्तार गरिएको छ।

मधेश प्रदेशका स्वास्थ्य मन्त्रि बिरेन्द्र सिंहले नयाँ शल्यक्रिया तथा प्रसुती कक्ष भवनको शुक्रबार उद्घाटन गरेका छन्। उनले अब कोही पनि नागरिक गरिबीका कारण उपचारबाट बञ्चित हुनु पर्ने अवस्था नआओस भन्ने मनसायले विभिन्न कार्ययोजना बनाएर अघि बढेको समेत जानकारी दिए। उनले अस्पतालमा थप सेवा बिस्तार तथा आवश्यक जनशक्तिपूर्तीका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि जनाए।

हनुमाननगर कंकालिनी नगरपालिकाका नगर प्रमुख बिरेन्द्र माझीले क्षमताभन्दा दोब्बर बिरामी आउँदा अस्पताल अस्तव्यस्त हुने गरेकाले नगरपालिकाको साधनश्रोतले पनि भ्याएसम्म सहयोग गरि बिशेषज्ञसहितको थप उपचार सेवा बिस्तार गरिएको बताए।

अस्पतालका मेडिकल सुरपरिटेन्डेन्ट डा. उत्तम देवले १५ शैयाको स्वीकृती पाएर संचालनमा रहेको अस्पतालमा बिरामीको बढ्दो चापलाई ध्यानमा राखी १८ शैया थपेर ३३ शैयाको अस्पताल बनाइएको जानकारी दिए।

नवनिर्मित भवनमा कुल २२ वटा कोठा छन्। जसमा ६ वटा शल्यक्रिया कक्षाका लागि छुट्याइएका छ भने अन्य कोठाहरु प्रसुती गृह, एसएनसियु, भेन्टिलेटर, स्वास्थ्य परिक्षण, बिरामी कक्ष लगायत परियोजनका लागि छुट्याइएको छ।

कार्यक्रममा प्रदेश सांसदद्वय सतिशकुमार सिंह, मो. सकिल अली, कंचनरुप नगरपालिकाका नगर प्रमुख ललनप्रसाद गुप्ता, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डल, बलानबिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव लगायतले शुभकामना दिएका छन्।

# आगलागिमा एक महिला घाइते, ५ लाख भन्दा बढी धनमालको क्षति

**राजविराज**/सप्तरीको छुट्टाछुट्टै स्थानमा भएको आगलागिमा एक महिला घाइते हुनुका साथै ५ लाख भन्दा बढी धनमालको क्षति भएको छ।

जिल्लाको कंचनरुप१ बैरवामा सोमबार भएको आगलागिमा स्थानीय ४० वर्षिया रामकली यादव घाइते भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार आगो निभाउने क्रममा उनको बायाँ पाखुरा, पिठ्युमा सामान्य पोलेकोले भारदह अस्पतालमा उपचार भईरहेको छ।

स्थानीय अयोधि यादवको गाईगोठमा लामखुट्टे धपाउन बालेको घुरबाट आगो सल्केर आगलागि हुँदा उक्त नगद ५ हजारसहित २ लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

आगोलाई कंचनरुप नगरपालिकाको दमकल, नेपाल प्रहरी, स्थानियबासीको सहयोगमा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै जिल्लाको विष्णुपुर गाउँपालिका वडा नं.६ गोरगामा टोलमा बिहीबार आगलागि हुँदा तीन लाख मुल्य बराबरको क्षति भएको छ।

स्थानीय हरि नारायण यादव, छोरा ओम प्रकाश यादव र राम अवतार यादवको संयुक्त गाईगोठमा बालेको घुरबाट आगलागी हुँदा गोठमा रहेको पंखा, साईकल, मोटर, काठ गरी तीन लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

उक्त आगो नेपाल प्रहरी र स्थानियवासीको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


## बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : नवीन साप्ताहिक**



**जनहीतका लागि जारि सन्देश**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बरहरु**

**जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**
**सशस्त्र प्रहरी बल, नेपाल प्रस्ताबित सीमा सुरक्षा गुल्म पातो -९८५१२७२४८५**
**इलाका प्रहरी कार्यालय, पातो - ९८५२८९०५११**

**अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

# आसाम प्रहरीद्वारा चार करोडको प्रतिबन्धित औषधि बरामद

**करिमगञ्ज (आसाम)**/आसाम प्रहरीले रु चार करोडभन्दा बढीको ६१ हजार बोतल प्रतिबन्धित खोकीको औषधि बरामद गरेको छ।

आसाम-त्रिपुरा सीमामा रहेको आसामको करीमगञ्ज जिल्लाको चुराईबारी क्षेत्रमा एउटा ट्रकबाट उक्त परिमाणको प्रतिबन्धित औषधि बरामद गरिएको प्रहरीले जनाएको छ। ट्रकका चालक विश्वजित विश्वासलाई पनि नियन्त्रणमा लिइएको छ। यससम्बन्धमा थप अनुसन्धान भईरहेको छ।

गोप्य सूचनाको आधारमा प्रहरीले चुराईबारी क्षेत्रमा ट्रकलाई रोकेर खानतलास गरेको थियो। "लागूऔषध विरुद्धको हाम्रो अभियान जारी छ। हिजो राति हामीले एउटा ट्रकलाई रोक्यौं त्यहाँबाट हामीले प्रतिबन्धित 'कफ सिरप'का ६१ हजार बोतल बरामद गरेका छौं," अभियुक्तविरुद्ध प्रारम्भिक कानुनी कारवाही थालिएको जानकारी दिंदै करिमगञ्ज जिल्लाका अतिरिक्त प्रहरी उपरीक्षक प्रताप दासले भनेका छन्।

यसअघि पनि करिमगञ्ज जिल्लामा खोकीको प्रतिबन्धित सिरफका ३१ हजार बोतल जफत गरिएको थियो। एजेन्सी

# जुलाईमा चीनको प्राकृतिक ग्यास उत्पादन बढ्यो

**बेइजिङ**/चीनको प्राकृतिक ग्यास उत्पादनमा जुलाई महिनामा तीव्र वृद्धि भएको राष्ट्रिय तथ्याङ्क विभागको तथ्याङ्कले देखाएको छ।

यहाँ गत महिना १८।४ अर्ब घनमिटर प्राकृतिक ग्यास उत्पादन गरेको थियो जुन अघिल्लो वर्षको तुलनामा ७६ प्रतिशतले बढी हो। वृद्धि दर जुनको तुलनामा २।१ प्रतिशत अङ्कले बढी थियो।

ब्युरोका अनुसार देशले गत महिना एक करोड ३१ लाख टन प्राकृतिक ग्यास आयात गरेको थियो। जनवरीदेखि जुलाईसम्म चीनको प्राकृतिक ग्यास उत्पादन वार्षिकरूपमा ५।७ प्रतिशतले बढेर १३४ अर्ब घनमिटर पुगेको छ। एजेन्सी

# रुससँग वार्ता गर्न पशिचम अनिच्छुक : रुसी विदेशमन्त्री

**मस्को**/रुसका विदेशमन्त्री सर्गेई लाभरोभले युक्रेन मुद्दामा मस्कोसँग वार्ता गर्न पशिचमी राष्ट्रहरू इच्छुक नभएको बताउनुभएको छ।

रुसलाई निमन्त्रणा नगरी जेद्दा र कोपेनहेगनमा युक्रेनको विषयमा पशिचमी राष्ट्रले बहुपक्षीय बैठक गरेका छन्। विदेशमन्त्री लाभरोभले अन्तरराष्ट्रिय मामिला पत्रिकासँगको शनिबारको अन्तर्वार्तामा भन्नु भएको छ।

सो छलफल युक्रेनी राष्ट्रपतिको शान्ति योजनालाई समर्थन गर्ने वातावरण निर्माण गर्न आयोजना गरिएको भनिएको छ तर रुसको बुझाइ र चाहानालाई भने पूर्णरूपमा इन्कार गरिएको छ। रुस सधैं फलदायी वार्ताको लागि तयार रहेको बताउँदै पूवी युक्रेनमा द्वन्द्व समाधान गर्ने उद्देश्यले कीभलाई मिन्स्क सम्झौता कार्यान्वयन गराउन वर्षौंदेखि प्रयास गरेको विदेश मन्त्रीको दावी छ।

विशेष सैन्य कारबाहीको पहिलो दिनदेखि नै वार्ता शुरु गर्ने युक्रेनको प्रस्तावमा रुसले प्रतिक्रिया दिएको थियो तर सन् २०२२ मा पशिचमी दबाबमा युक्रेनले वार्ता रोकेको उहाँको टिप्पणी छ।

त्यसपछि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले रूसी नेतृत्वसँग कुनै पनि प्रकारको वार्ता गर्न निषेध गरेको लाभरोभको आरोप छ। पशिचमी प्रायोजकले लगातार युक्रेनलाई बिग्रदो स्थिति थप भयाबह बनाउँन दबाब दिएका छन्। अहिले युक्रेनमा रूस र पशिचमबीच वार्ताको कुनै सम्भावना नदेखिएको पनि विदेशमन्त्रीको बुझाइ छ।

पशिचमी राष्ट्रको वार्ताको आह्वान थकित युक्रेनी सेनालाई विश्राम दिलाउन र समय घर्काउन खेलिएको रणनीतिक चालको रूपमा मात्र रुसले बुझेको पनि मन्त्री लाभरोभले उल्लेख गर्नु भएको छ। एजेन्सी

# वेवारिसे अवस्थामा बरामद मोटरसाइकल र स्कारपियो भन्सार पठाइयो

**राजविराज**/प्रहरीले राजविराज नगर क्षेत्रबाट वेवारिसे अवस्थामा बरामद गरिएको मोटरसाइकल र स्कारपियोलाई आवश्यक कार्वाहीको लागी भन्सार कार्यालय तिलाठीमा बुझाईएको छ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार बुधबार राजबिराज नगरपालिका वडा नं. ६ नेता चौकबाट वेवारिसे अवस्थामा नम्बर नखुलेको सुपरस्पेलेन्डर मोटरसाइकल बरामद गरेको हो।

यस्तै प्रहरीले गत आइतबार राजबिराज वडा नं. ५ स्थित राजबिराज तिलाठीतर्फ जाने सडक छेउमा वेवारिसे अवस्थामा राखिएको भारतीय प्लेट बीआर११जे९६२४ नम्बरको स्कारपियो गाडी समेत फेला फेला पारेको जनाएको छ।

# लेखापाल र अपरेटर घुस रकमसहित पक्राउ

**राजविराज**/राजविराजको मुख्य चौकबाट बुधबार घुस रकमसहित दुई कर्मचारीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको टोलीले पक्राउ गरेको छ।

अख्तियारको टोलीले सप्तरीको विष्णुपुर गाउँपालिकामा कार्यरत लेखापाल टेकनारायण यादव र एमआइएस अपरेटर वीरेन्द्र यादवलाई राजविराजको गजेन्द्र चौकस्थित एक बस टिकट काउन्टरबाट पक्राउ गरेको हो। लेखापाल जिल्ला अदालत सप्तरीमा समेत सोही पदमा कार्यरत छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता भोला दाहालका अनुसार कम्प्युटर अपरेटर वीरेन्द्र यादवका साथबाट २ लाख नगद तथा लेखापाल टेकनारायण यादवको साथबाट ३ लाख रकमको चेक बरामद गरिएको छ।

सोलारबत्ती जडान गर्ने बिषयमा भुक्तनी मिलाउने सम्बन्धिमा घुस रकम लिइरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको अख्तियारका प्रवक्ता दाहालले बताए।

# दुई युवक झुण्डिएको अवस्थामा मृत फेला

**राजविराज**/सप्तरीमा दुई युवक झुण्डिएको अवस्थामा मृत फेला परेका छन्।

जिल्लाको हनुमाननगर कंकालिनि १ स्थित भारदह टोल बस्ने १६ वर्षिय दिपक कुमार साह बुधबार झुण्डिएको अवस्था फेला परेको प्रहरीले जनाएको छ।

घरमा कोही नभएको बेला सुत्ने कोठाको धरेन बलोमा साडिको पासो लगाइ झुण्डिरहेको अवस्थामा देखिएपछि तत्काले उपचारका लागि लैजान खोज्दा मृत्यु भएको प्रहरीले जनाएको छ।

यस्तै जिल्लाकै कंचनरुप नगरपालिकामा वडा नं. ४ कविलासा टोल निवासी १७ वर्षिय घनश्याम मण्डल झुण्डिएको अवस्थामा मृत फेला परेका थिए।

प्रहरीका अनुसार घरमा कोहि नभएको बेला सुत्ने कोठाको सिलिङ पंखामा गलबन्दी सँगै प्लास्टिकको डोरीको पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको जनाएको छ।

# खेलकुदका कर्मचारीहरु आन्दोलनमा

**राजविराज**/जिल्ला खेलकुद विकास समिती सप्तरीका प्रशासनिक तथा प्राविधीक कर्मचारीहरुले आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिएका छन्।

विगत १९ वर्षदेखी रोकिएको बढुवा प्रकृया शुरु गर्न माँग गर्दै हातमा कालोपट्टी बाँधेर काम गर्दै आइरहेका छन्।

बढुवा प्रकृया यथासिघ्र अगाडी बढाउन राष्ट्रिय खेलकुद परिषद कर्मचारी संघले युवा तथा खेलकुद मन्त्रालयलाई पटक/पटक मौखिक तथा लिखित आग्रह गर्दा पनि वेवास्ता गरिएकाले बाध्य भई आन्दोलनमा उत्रन् परेको मधेश प्रदेश खेलकुद कर्मचारी संघका उपाध्यक्ष समेत रहेका प्रशिक्षक उमेश गुरुङले बताए।

राष्ट्रिय खेलकुद परिषद तथा मातहतका जिल्ला खेलकुद विकास समितीमा कार्यरत रहेका प्रशिक्षक तथा प्राविधीक कर्मचारीहरुको १९ वर्षदेखि बढुवा नभई संस्थागत रुपमा नै ठूलो समस्या सिर्जना भइरहेको र सोही कारणले खेलाडी तथा प्रशिक्षकहरु समेत पलायन भई रहेकाले संघर्षको बाटो रोज्नु परेको खेलकुद कर्मचारी संघ सप्तरीले जनाएको छ।

# सप्तरीमा १३ जना डेंगुका बिरामी फेला

**राजविराज**/सप्तरीमा १३ जना डेंगुका बिरामी फेला परेका छन्। जिल्लाको कंचनपुर नगर अस्पतालका अनुसार एक महिनाको अवधीमा ती डेंगुका बिरामी फेला परेका हुन्।

कंचनपुर नगर अस्पतालका सहइन्चार्ज डम्बर गुप्ताले उपचारका लागि एक महिना यता आएका बिरामी मध्ये परिक्षणका क्रममा डेंगु रोगको संक्रमण पुष्टि भएको हो।

यसरी संक्रमित भएका मध्ये ११ जना कंचनरुप नगरपालिका कै छन्। यस्तै सप्तकोशी र हनुमाननगर कंकालिनी नगरपालिकामा १/१ जनामा डेंगुको संक्रमण देखिएको छ।

संक्रमित १३ जना मध्ये ६ जना उपचार पश्चात् बुधबारसम्म घर फर्किएको र सात जना अझै उपचारकै क्रममा रहेको उनको भनाइ छ।

डेंगु रोगबाट संक्रमित हुनेमा कंचनरुप वडा नं. ९ का वडाअध्यक्ष रामसुन्दर यादवसहित ४ जना पुरुष, वडा नं. १० का एक जना पुरुष, वडा नं. १२ का दुई महिला, वडा नं. ७ का एक वर्षिय बालक, वडा नं. ६ का एक पुरुष, वडा नं. ४ र ५ का एक/एक महिला छन्।

देशभर डेंगु रोगका बिरामी बढ्दै गएको बेला कंचनपुरमा पनि डेंगुका बिरामी फेला पर्न थालेपछि स्वास्थ्य सर्तकता अपनाइएको तथा सो रोगबाट बच्न बिभिन्न सचेतनामूलक प्रयासहरु थालिएको नगर अस्पतालले जनाएको छ।

# शिक्षक र विद्यालय कर्मचारीद्वारा धर्ना

**राजविराज**/शिक्षा ऐनको मस्यौदा तथा सरकारसंग विगतमा भएको ३० र ५१ बुंदे सहमतिमा सुधारको माँग गर्दै मंगलवार सप्तरीका शिक्षक र विद्यालय कर्मचारी राजविराजस्थित जिल्ला शिक्षा विकास समन्वय एकाई शाखामा धर्नामा वसेका छन्।

जिल्लास्थित शिक्षक महासंघको अगुवाईमा विहान ११ बजे देखी ३ बजे सम्म धर्ना कार्यक्रम गरिएको थियो। यस अघि साउन २८ गते पनि सम्बन्धित पालिका मै ४ घण्टा धर्ना तथा पालिका प्रमुख मार्फत आफूहरुको जायज माग सम्बोधन गर्न सरकारलाई ध्यानाकर्षण पत्र पठाउँदा पनि कुनै सुनवाई नभएकाले आन्दोलनलाई निरन्तरता दिइएको थियो।

शिक्षक महासंघ सप्तरीका अध्यक्ष दिनेश प्रसाद यादवले सार्वजनिक भएको विद्यालय शिक्षा ऐन २०८० को मस्यौदामा रहेका केही दफाहरु संविधान प्रदत ट्रेड युनियन अधिकार, शिक्षक-कर्मचारीको पेशागत सुरक्षा र स्वभिमानको खिलाफ रहेको बताए।

मस्यौदामा नेपाल शिक्षक महासंघ र नेपाल सरकारबीच भएको ३० र ५१ बुंदे सहमतीमा शिक्षक र विद्यालय कर्मचारीको सबै मुद्दा उचित ढंगले समेटिन न सकिएको आन्दोलनरत शिक्षक र कर्मचारीको भनाई छ।

विद्यालय शिक्षा ऐन २०८० को मस्यौदाले स्थायी, अस्थायी, करार, राहत, साविक उमावी, बालकक्षा, विषेश कक्षा, शिक्षण शिकाई, अनुदान प्राविधिकधार, संस्थागत विद्यालय शिक्षक लगायत सबै खाले शिक्षक र विद्यालय कर्मचारीका धेरै माग मुद्दाको सम्बोधन हुन नसकेको उनीहरुको भनाई छ।

# आइडियल मधेश प्रदेशकै उत्कृष्ट सहकारी संस्था

**राजविराज**/नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कून) को ३६औं स्थापना दिवसको अवसरमा राजविराजका आइडियल सहकारी संस्थालाई मधेश प्रदेशकै उत्कृष्ट सहकारी संस्थाको रुपमा चयन गरेको छ।

आ.ब. २०७९/०८० मा उत्कृष्ट कार्य गरेवापत विभिन्न संघसंस्था एवम् ब्यक्तिहलाई नेफस्कूनले विहिबार काठमाण्डौमा एक कार्यक्रमबीच सम्मान तथा पुरस्कारको घोषणा गरेको हो।

स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा नेफस्कूनका निवर्तमान अध्यक्ष, पुरस्कार तथा सम्मान उपसमितिका संयोजक डी.बी. बस्नेतले आईडियल सहकारीलाई मधेश प्रदेशकै उत्कृष्ट सहकारी संस्थाको रुपमा चयन गरिएको घोषणा गरे।

यसैबीच आईडियल सहकारी संस्थाका अध्यक्ष गणेश कुमार आशले विहिबार एक विज्ञप्ति जारी गर्दै संस्थालाई मधेश प्रदेशकै उत्कृष्ट सहकारी संस्थाको रुपमा चयन गरिएकोमा खुशी ब्यक्त गर्दै उक्त सम्पूर्ण शेयर सदस्यहरुलाई बधाई ज्ञापन गरेका छन्। उक्त पुरस्कार तथा सम्मान नेफस्कूनको साधारण सभामा वितरण गरिने बताइएको छ।

# ब्राउन सुगरसहित युवक पक्राउ

**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिका वडा नं. १ बैरवामा एक युवकलाई प्रहरीले ब्राउन सुगरसहित पक्राउ गरेको छ।

जिल्लाको तिरहुत गाउँपालिका १ बस्ने २२ वर्षिय राधेश्याम साहलाई प्रहरीले १ ग्राम ३५ मिलि ग्राम ब्राउन सुगरसहित पक्राउ गरेको जनाएको छ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार पुर्व पश्चिम लोकमार्गमा ईलाका प्रहरी कार्यालय कंचनपुर सप्तरीबाट खटिएको चेकिङ टोलिले चेक जाँच गर्ने क्रममा पुर्वबाट पश्चिमतर्फ आउदै गरेको प्र.२-०१-००१प.३६२ नं. को मोटरसाइकललाई शंका लागि चेकजाच गर्ने क्रममा ब्राउन सुगर बरामद गरिएको हो।

## हनुमाननगरले...

राखेको बताएका छन्। सप्तरीमा क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो नगरपालिका रहेको हनुमाननगर कंकालिनी नगरपालिकाको अधिकांश बासिन्दाको मुख्य पेशा नै कृषि रहेको नगरपालिकाले जनाएको छ।


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



# Vacancy Announce

At Gautam Shishu Sadan S.E.B. School, Rajbiraj 7, Saptari, Require Qualified Teacher for the following Post :

| S.N. | Subject | No. of Teacher | Level | Qualification |
|---|---|---|---|---|
| 1. | English & Social Study Or Mero Serofero | 1. | Lower Secondary | Bachelor In Related Subjects |

Note : Interested Candidate should Contact in School or Following Numbers :

Contact us : **9852820343, 9842822101, 9842957574**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। (हाम्रो सेवाहरु)

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · City Express · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*